चुरेमा तीव्र दोहन

मदन ठाकुर
रौतहट, असार २८

विकासको नाउँमा बारा र रौतहट जिल्लाका चुरे आसपासका खोलाहरूमा एक्जाभेटर लगाएर नै प्राकृतिक स्रोतको व्यापक दोहन भइरहेको छ।

सरकारले असार मसान्तसम्म क्रसर उद्योग चलाउने अनुमति दिने तयारी गरेलगत्तै बाराका ६ वटा क्रसर उद्योग सरकारी मिलोमतोमा लाल बकैया खोलामा एक्जाभेटर लगाएर उत्खनन जारी राखेका छन्। यस्तै रौतहटको समनपुरस्थित बागमती नदीमा पनि एक्जाभेटर लगाएर अवैधरूपमा दोहन भइरहेको पाइएको छ। पुल तथा नदीको मूल प्रवाहभन्दा पाँच सय मिटर टाढाबाट मात्रै बालुवा गिटी निकाल्न नपाउने सरकारी निर्देशिकाविपरीत रौतहट र बाराका नदी दोहन भएको हो।

अशोकप्रसाद साह कलवारले एस्काभेटर लगाएर सयौं ट्याक्टर लगाएर दैनिक ढुंगागिट्टी निकासी गरिरहेको सर्वसाधारणले पटक पटक जानकारी गराए पनि प्रशासनले चासो नदिएको गुनासो स्थानीयको छ। स्थानीय प्राविधिक सहायक कामेश्वर सहनीले प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी कार्यालयको ध्यानाकर्षण गराउँदासमेत कुनै चासो नदेखाएकोमा गुनासो गरे। बागमती सिंचाई आयोजनाको नहर डिल मर्मत गर्न भनी २९ किलोमिटर ग्राभेल गर्न जयसवालले नदीमा एक्जाभेटर लगाएर ढुंगागिट्टी निकालेको भए पनि उनको भनाइविपरीत बिक्रीवितरण गरिरहेका छन्। अवैध उत्खननले नदीको स्वरूपमा नै असर परेको स्थानीय राम सोगारथ सहनीले बताए। करिब पाँच सय मिटर भन्दा बढी खोलाको धार नै फराकिलो भएकाले बाढीले समनपुर आसपासका करिब आधा दर्जन गाउँ बगाउने खतरा भएको सहनीले बताए।

बाराको निजगढस्थित लाल बकैया नदीमा उत्खनन गरिँदै। *तस्बिरः मदन/रौतहट*

क्षणिक स्वार्थका लागि भइरहेको चुरे दोहनले कालान्तरमा उर्वरभूमि मरभूमिमा परिणत हुने खतरा बढ्दै गएको छ

बारा प्रमुख जिल्ला अधिकारी मदन भुजेलले बागमती नदीको दोहन भइरहेको स्वीकार्दै नदीमा एस्काभेटर लगाएर भइरहेको उत्खनन कार्यलाई रोक्न प्रहरीलाई जानकारी गराएको बताए। बारामा लालबकैया, पसहा, दुधौरा र बालगंगा लगायतका आधा दर्जन खोलाहरूबाट स्थानीय प्रशासनकै मिलोमतोमा ढुंगागिट्टी निकासी एवं उत्खनन व्यापक रूपमा भइरहेको देखिएको छ। लाल बकैया खोलामा बारा जिविसकै निर्देशनमा बालुवागिट्टी उत्खनन कार्य धमाधम भइरहेको पाइएको छ। सरकारले मापदण्ड पूरा नगरेका क्रसरहरूलाई समेत म्याद थप्ने तयारी गरेलगत्तै यहाँका ६ वटा क्रसरले जिविसमार्फत झण्डै साढे पाँच लाख घन फिट ढुंगागिट्टी खोलाबाट उत्खनन गरी क्रसर उद्योगहरूमा धमाधम भण्डारण गरिरहेका छन्।

जिविस बाराले जेठ २१ गते निजगढको लाल बकैया खोलाको डिलमा सञ्चालनमा रहेको चौलागाईं क्रसर उद्योगलाई २ लाख क्युबिकफिट, हिमालयन क्रसर उद्योग १ लाख, अवनिश एग्रिग्रेडलाई ५० हजार, नारायणी स्टोन क्रसर उद्योगलाई ५० हजार, लाल बकैया क्रसर उद्योगलाई एक लाख र शंकर स्टोन क्रसर उद्योगलाई ४० हजार क्युबिकफिट गरी झण्डै साढे पाँच लाख क्युबिकफिट ढुंगागिट्टी उत्खनन गर्न इजाजत दिएको बाराका स्थानीय विकास अधिकारी कृष्णप्रसाद चापागाईंले जानकारी दिए। तर यही कारण खोलाको सतह माथि आएपछि बस्ती बगाउने खतरा बढेको छ।

यता जिविस बाराका कर्मचारी रमेश सापकोटा र डम्बर शाहीले खोला किनारमै चुरे क्षेत्रबाट उत्खनन गरेर ल्याएका ढुंगागिट्टीको राजश्व निजी सम्पत्तिसरह असुल गरिरहेका छन्। जिविस बाराले दुवै कर्मचारीलाई कार्यालयको ठेली दिएर प्रति ट्याक्टर साढे तीन सयदेखि साढे पाँच सय रूपैयाँ र प्रति टिपर १५ सयदेखि २८ सय रूपैयाँ राजस्व संकलन गरिरहेका छन्। प्रतिबन्धित क्षेत्रबाट ट्याक्टर र टिपरमा ढुंगागिट्टी रोक्नुको साटो कर्मचारी नै राखेर रकम असुल्नु नियम कानुनको धज्जी उडाउने कार्य बारा जिविसले गरिरहेको आरोप सर्वसाधारणहरूले लगाएका छन्। जिविस बाराको मिलोमतोमा चौलागाईं क्रसर उद्योगले ठूलो परिमाणमा ढुंगा र बालुवा संकलन गरी भण्डारण गरिरहेको छ। चौलागाई क्रसर उद्योगका संचालक उद्धव चौलागाईंले ढुंगागिट्टी क्रसरमा ल्याएर स्थानीय स्तरको विकास निर्माणका लागि बिक्री वितरण मात्र गरिरहेको दाबी गरे।

निजगढ नगरपालिका वडा नम्बर ४ मा दर्ता भएका अवनिश एग्रिग्रेडले भने वन र चुरेक्षेत्रमै क्रसर सञ्चालन गरिरहेको देखिए पनि बारा जिविसले राष्ट्रपति चुरे संरक्षण कार्यक्रमलाई नै धज्जी उडाएको स्थानीयले गुनासो गरे। गत चैत ७ गते अवनिश एग्रिग्रेडले अवैध रूपमा चुरे क्षेत्रबाट ढुंगागिट्टी उत्खनन गरी ना.३ ख ३५६० र ना.४ ख. १९२२ नम्बरको टिपरमा लैजाँदै गरेको अवस्थामा वन कार्यालय बाराले पक्राउ गरे पनि राजनीतिक पहुँचको आधारमा जनही १० हजारको दरले धरौटी राखेर छुटे।

निजगढ उत्तर चुरे फेदीमा सञ्चालित अवनिश एग्रिग्रेडलाई वन संरक्षण तथा अनुसन्धान विभागले चुरेक्षेत्रबाट तीन किलोमिटरमै क्रसर सञ्चालन गरेको प्रमाणित गरे पनि आफूले कारवाही गर्न नसकेको विवशता वन प्रमुख ठाकुरले पोखे। क्षणिक स्वार्थका लागि यसरी भइरहेको चुरे दोहनले कालान्तरमा उर्वरभूमि मरभूमिमा परिणत हुने खतरा बढ्दै गएकाले दोहन रोक्न कडा नियम बनाएर कार्यान्वयन गर्नुपर्ने देखिएको छ।

नियम मिचेर २ करोड खर्च

किसान संगीत नेपाली
लमजुङ, असार २८

प्रत्येक निर्वाचन क्षेत्रमा सभासदलाई दिइने बजेट ५ करोड पुऱ्याउने वा नपुऱ्याउने विचाराधीन रहेको अवस्थामा निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम र निर्वाचन क्षेत्र विकास कार्यक्रमका लागि सभासदमार्फत यहाँ आएको झण्डै २ करोड रूपैयाँ नियमावली विपरीतका योजनाहरूमा खर्च भएको छ।

जिल्लाका दुई निर्वाचन क्षेत्रका लागि प्रत्यक्ष २ र समानुपातिक ४ सभासदमार्फत निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमतर्फ २ करोड र निर्वाचन क्षेत्र विकास कार्यक्रमतर्फ ९० लाख गरी १ करोड ९० लाख रूपैयाँ भित्रिएकोमा सबै रकम नियमावली विपरीतका टुक्रे योजनाहरूमा खर्च भएको हो। दुई शीर्षकमा आएको बजेट सभासदका छनौटभन्दा पार्टीका नेता र कार्यकर्ताले तयार गरेका झण्डै सय वटा योजनामा खर्च भएको छ। १-१ करोडबाट २० र ९० लाखबाट ७१ गरी ९१ वटा योजनामा सो बजेट खर्च भएको हो।

सरकारले बनाएको निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम सञ्चालन कार्यविधि नियमावली २०७१ ले बजेट अभावमा कार्यान्वयन हुन नसकेका, रोकिएका, प्रकोप-विपदले क्षति भएका र केन्द्रीय बजेटमा समावेश हुन नसकेका आयोजनालाई प्राथमिकता दिने उल्लेख भए पनि सोअनुरूप हुन सकेको छैन।

निर्वाचन क्षेत्र विकास कार्यक्रमतर्फ ७१ योजना छनोट भएकामा सडक निर्माण तथा तारजाली गरी ९ वटा र २ वटा खानेपानी आयोजना मर्मतमा बजेट खर्च भएको छ। आमा समूह भवन, सामुदायिक भवन, गुम्बा, मन्दिर आदि निर्माण, पैदलमार्ग निर्माण, पार्टी कार्यालय, विद्यालय भवन र कुलो मर्मत, खेलकुद तथा पर्यटन पूर्वाधार निर्माण, रेडियो-पत्रिकाको क्षमता अभिवृद्धि र भौतिक संरचना सुधार लगायतका योजनामा पनि खर्च भएको जिल्ला विकास समितिले जनाएको छ। त्यस्तै, सहकारीलाई आयआर्जन, चिया प्रशोधन, एम्बुलेन्स खरिद र गैरसरकारी संस्था साझेदारी कार्यक्रममा पनि खर्च गरिएको छ। न्यूनतम ५० हजारदेखि चेस नेपाल साझेदारी कार्यक्रमको ३ लाख ४५ हजार रूपैयाँसम्मको योजना छनोट गरी रकम खर्च भएको स्थानीय विकास अधिकारी विष्णुप्रसाद शर्माले बताए। यी सबै योजनाहरू सभासदहरू आफैंले रोजेका नभई आफ्ना पार्टीका नेता र कार्यकर्ताकै रोजाइ अनुरूपका भएको बुझिएको छ। नियमावलीमा खोलानाला र पहिरो नियन्त्रण, खानेपानी र सरसफाइमा महत्व दिनुपर्ने उल्लेख भए पनि सोअनुरूप खर्च भएको छैन। सभासदमार्फत आएको बजेट खर्च गर्ने क्षेत्र र तौरतरिका अनि कार्यान्वयन प्रक्रिया आफैंमा 'ओपन सेक्रेट' भएको एक राजनीतिकर्मीले बताए।

दृष्टिविहीनलाई सहयोग जुट्दै

धादिङ, असार २८ (नागरिक)- दृष्टिविहीन भएर पनि पढाइमा अब्बल कल्लेरी-८ आमडाँडाका राम-लक्ष्मण रेग्मीलाई आर्थिक सहयोग प्राप्त भएको छ। उनीहरूबारे समाचार पढेपछि काठमाडौं, चावहिलमा हार्डवेयर व्यवसाय गर्दै आएका नारायण धितालले कलेज भर्ना गर्न सघाएका हुन्। धितालले शनिबार बिहान आदमटार पुगेर राम-लक्ष्मणलाई कलेज सुरु गर्न नगद २० हजार हस्तान्तरण गरे।

महादेवबेसीस्थित जनजागृति उच्च माविबाट एसएलसी परीक्षा दिएका जुम्ल्याहा राम-लक्ष्मणले प्रथम श्रेणीमा उत्तीर्ण भए। लक्ष्मणले ६११ र रामले ६०७ अंक हासिल गरी विद्यालयकै दोस्रो र तेस्रो भएका थिए। पहिले छात्रवृत्तिमा बसेर पढ्दै आएको छात्रावासमा एसएलसीपछि कोटा नभएको जनाउ पाएपछि दृष्टिविहीन दाजुभाइलाई उच्चशिक्षा अघि बढाउन समस्या परेको थियो। धितालले रेग्मी दाजुभाइलाई आवश्यक पर्ने किताब-कापी हरेक वर्ष उपलब्ध गराउने वचनबद्धता समेत गरे। उनले भने, 'वास्तविक पीडितलाई सहयोग गर्न पाउँदा खुसी लागेको छ।'

दुई वर्षपछि समातिए हत्या आरोपी

पर्वत, असार २८ (नागरिक)- २०७० असार ९ गते घरबाट निस्किएका लेखफाँट-४ का जगतबहादुर पुन फर्किएनन्। तीन हप्तापछि परिवारले उनी हराएको भन्दै प्रहरीमा उजुरी दियो। त्यसको दुई दिनपछि असार ३० गते लेखफाँट-५ स्थित भुमेस्थान मन्दिरछेउ सडेगलेको अवस्थामा उनको शव भेटियो।

प्रहरीले हत्या गरेर फालेको आशंकामा केही व्यक्तिलाई नियन्त्रणमा लियो तर प्रमाण नपुगेपछि फाइल त्यत्तिकै थन्किइरहेको थियो। प्रहरीले दुई वर्षपछि आएर उक्त हत्याका दोषीलाई पक्राउ गर्न सफल भएको छ। हत्या आरोपमा पक्राउ परेका लेखफाँट-४ का ३६ वर्षीय ज्ञानबहादुर पाइजा र उनका भाइ लोकेन्द्रलाई जिल्ला प्रहरी कार्यालयले सोमबार सार्वजनिक गरेको छ।

'उनीहरूले हत्या गरेको स्वीकारिसकेका छन्,' जिल्ला प्रहरीप्रमुख महेन्द्रकुमार श्रेष्ठले सोमबार पत्रकार सम्मेलनमा भने। लोकेन्द्र असार ७ गते पक्राउ परेका हुन् भने ज्ञानबहादुर असार १७ गते।

लोकेन्द्रको बयानका आधारमा ज्ञानबहादुरलाई नारायणगढमा रिक्सा चलाइरहेको अवस्थामा पक्राउ गरिएको प्रहरीले जनाएको छ। 'पहिले खुकुरी हानेर मलाई घाइते बनाएको थियो। मेरो मोबाइल समेत चोरेको थियो। त्यही रिसमा जगतको हत्या गरेको हुँ,' ज्ञानबहादुरले भने। उनले जगतका अन्य दुई दाजुभाइको हत्या गर्ने योजनासमेत बनाएको खुलासा गरे। सम्पूर्ण अनुसन्धान प्रक्रिया पूरा गरिसकेपछि प्रहरीले आरोपीद्वयलाई सोमबारै जिल्ला अदालतमा पेस गरेको छ। ज्ञानबहादुर र लोकेन्द्र राष्ट्रिय जनमुक्ति पार्टीका केन्द्रीय सदस्य मनकुमारी पाइजाका छोरा हुन्।

An Undertaking of Bhaktapur Municipality
KHWOPA HIGHER SECONDARY SCHOOL
Bhaktapur-5, Dekocha, 6610932

TEACHERS WANTED

Applications are called from deserving, dedicated and experienced candidates for the following posts :

Post	Subject	Minimum Qualification
Teacher	Mathematics	Master's Degree in relevant Subjects
	Physics	
	Computer Science	Bachelor's Degree in relevant Subject

Please submit your application within Shrawan 5, 2072 with complete C.V.,Citizenship Card, PP size Photo and Testimonials.

Nepal Red Cross Society

SECOND RE-TENDER NOTICE

The Nepal Red Cross Society invites sealed quotations from manufacturers/reputed firms/suppliers for the supply of following materials.

SN	Item Description	Quantity	Unit
1	Winter Jacket, double layer	22	Pcs.
2	Backpack, 30-35 ltr.	14	Pcs.
3	Wind/water proof Jacket, S, M, L, XL & XXL	55	Pcs.
4	T-shirt, S, M, L, XL & XXL	142	Pcs.
5	Woolen sweater, Round Neck	13	Pcs.
6	Multipurpose pouch	51	Pcs.
7	Head light	24	Pcs.
8	Shawl	15	Pcs.
9	Safety Towel	16	Pcs.
10	First Response Kit Bag	262	Set
11	Dignity Kit Bag	2000	Set

Tender document containing request for quotation, instruction to bidders, detailed specifications of each items and the terms & conditions etc. can be purchased from Nepal Red Cross Society, National Hqs, Red Cross Marga, Kalimati, Kathmandu during office hours from 14 July, 2015 to 21 July, 2015 on written request and against payment of non – refundable tender fee of Rs. 3,000/-.

Tenders in sealed cover and accompanied by pre – supply samples and the earnest money will be received at the above address during working days between 10.00 hrs. to 13.00 up to 22 July, 2015. The tender received will be opened at 16:00 hours on 22 July, 2015 at NRCS, Nhqs, Kalimati, Kahmandu. The bidders must meet all the requirements as specified in the tender documents and therefore advised to go through the tender documents carefully before submission and assure him/her for the compliance of the specified terms & conditions.

The bidder(s) must deposit 2.5% (two and a half percent) including VAT 13% of the total bid amount as Earnest Money in the form of Bank Voucher against cash deposited in account No.0042110002514 of Nepal Red Cross Society at Nepal Bank Ltd., Kalimati Branch, Kathmandu or Bank Demand Draft payable in favor of the said account at the submission of bids. The successful bidder(s) will have to deposit 5% (five percent) of the order value including VAT as Performance Security at the time of signing the purchase agreement. Earnest money and performance security is refundable as per conditions mentioned in the tender documents.

The successful bidder/s should be in position to deliver 100% within 25 days. The Nepal Red Cross Society reserves the right to increase or decrease the quantity or drop any item and also to accept or reject part or whole tender or any or all the tenders without assigning any reason whatsoever and not bound to accept the lowest bid.

Nepal Red Cross Society
National Head Quarters
Red Cross Marga, Kalimati
Kathmandu - Nepal
Phone: 4270167 / 4270650

Government of Nepal
Ministry Of Irrigation
Department of Irrigation
Mid Western Regional Irrigation Directorate
Mid Western Irrigation Development Division No.5, Jumla

Notice for Procurement of Works

First Date of Publication: 2015/07/14

Invitation for Bids for: **Construction of Intake, Canal Structures, Canal Earth Work and Pipe Laying Work**

Name of Project	Contract Name and No
Girikhola Majhkulo ISP, Jumla	MWIDD-5/IWRMP/GMIP/NCB-01/071-72
Gangru Pinathang ISP, Humla	MWIDD-5/IWRMP/GPIP/NCB-02/071-72

1. Government of Nepal (GON) has received a loan from *International Development Association* towards the cost of *Irrigation and Water Resources Management Project* and intends to apply the part of the funds to cover eligible payments under the contract for Girikhola Majhkulo ISP Jumla and Gangru Pinathang ISP, Humla. Payment under the contract will be made subject to the terms and conditions of the contract agreements to be signed.
2. Bid is open to all eligible National Contractors.
3. Mid Western Irrigation Development Division No.5, Jumla, Department of Irrigation on behalf of GON, invites sealed bids from eligible bidders for the work of **Construction of Intake, Canal Structures, Canal Earth Work and Pipe Laying Work of Girikhola ISP Jumla and Gangru Pinathang ISP Humla** to be procured under National Competitive Bidding procedures.
4. A complete set of Bidding Documents may be purchased from the following offices by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, tax clearance certificate of fiscal year 2070/71 and upon payment of a non-refundable fee of NRs 3,000.0 (Three Thousand) till 27th August 2015.
   The Division Chief
   Address: Mid Western Irrigation Development Division No. 5, Khalanga, Jumla
   Phone: 087-520031
   Or
   Address: District Comptroller Office, Khalanga, Jumla
   Phone: 087-520116
5. Any bidder may submit the bid for the works as listed below either by himself or as a partner in joint venture (J/V) provided that each J/V partner has purchased a complete set of Bidding Documents separately. Alternatively, a single set of Bidding Documents may be purchased by a joint venture of firms by submitting a J/V agreement along with the documents mentioned above for each of the partner firm. However, number of firms forming a joint venture is limited to three.
6. The bidder shall seal the original and each copy of the Bid in separate envelopes, duly marking the envelopes as "ORIGINAL" and "COPY". These separate envelopes shall then be sealed in an outer envelope. All the envelopes shall be addressed to *The Division Chief, Mid Western Irrigation Development Division No 5, Khalanga, Jumla and shall bear the contract no. for which the bids are invited.*
7. Pre-bid meeting shall be held at Office of MWIDD No.5, Khalanga, Jumla, 11: hrs on August 12, 2015.
8. Sealed bids must be submitted to the following office on or before 12:00 hrs on August 28, 2015. Bids received after this deadline will be rejected.
   Address : Mid Western Irrigation Development Division No.5, Khalanga, Jumla
   Phone No : 087-520031
9. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hrs on August 28, 2015 at the Office of MWIDD No.5, Khalanga, Jumla.
10. If so requested by the owner, bidders shall be required to furnish originals of some or all the certificates and documents submitted as per the requirements of the Bid within seven days of the date of the written request.
11. Bids must be accompanied with the Bid security amount in the form of a Bank Voucher certifying deposit of the required amount in Rastriya Banijya Bank, Khalanga, Jumla , Dharauti khata no-4030203000000 of District Comptroller Office ; Office code no : 55-357-01(MWIDD-5), Contract no : MWIDD-5/IWRMP/ GMIP /NCB-01/71/72 and MWIDD-5/IWRMP/GPIP/NCB-02/071-72 **or** a Bank Guarantee issued by Banks recognized by GON clearly mentioning the contract number and having a validity period of 120 days from the dead line of submission of bid i.e. December 26, 2015. Bank Guarantee issued by any Finance Company will not be accepted. In case of J/V, the bidder's name in the bid security shall be the name of J/V itself.
12. Information or data submitted by bidders which is incomplete, unclear or not substantiated by supporting documents shall not be considered for evaluation.
13. Bidders are requested to visit the site and assess the actual site conditions before submitting their bid.
14. The Division Office reserves the right to accept or reject any or all bids without assigning any reason whatsoever. Conditional TENDER will not be entertained.
15. All bidders must submit a written declaration according to clause 40-(2)-e of Public Procurement Regulation, 2064. The bidders failing to do so shall not be included in the evaluation process.
16. Estimated completion period of the work is 15 months.
17. For further information, please contact the Division Chief, MWIDD No 5, Khalanga, Jumla during office hours.
18. If the date of Pre-bid meeting, purchasing and submission, falls on a government holiday, then the next working day shall be considered as Pre-bid meeting, purchasing and submission. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
19. Summary of the work is given in the table below:

S.No.	Contract No.	Description and Location of Work/	Bid Security NRs	Bid Price NRs	Required Annual Construction turn over	Required Specific Construction turn over	Cash-flow require ment
1	MWIDD-5/IWRMP/ GMIP/NCB -01/071-72	Construction of Intake, Canal Structures, Canal Earth Work and Pipe Laying Work.	730000.00	3000.00	24.58 Million	19.70 Million	5.50 Million
2	MWIDD-5/IWRMP/ GPIP/NCB-02/071-72	Construction of Intake, Canal Structures, Canal Earth Work and Pipe Laying Work.	260000.00	3000.00	7.77Million	6.21Million	1.73 Million

Divison Chief